बैठक संख्याः १०

श्री

आज मिति २०८२ साल बैशाख २७ गते विहान ८:०० वजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय, उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री प्रकाश खनाल, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्त बहादुर गाहा, प्रवक्ता | सदस्य |
| ५. | | श्री सन्दिप सापकोटा, वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ६. | | श्री गणेश बहादुर क्षेत्री, वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ७. | | श्री प्रकाश चन्द्र अधिकारी, वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ८. | | श्री बेधविना तिवारी, वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ९. | | श्री विमला गुरुङ्ग, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| १०. | | श्री रोहीत थारु, वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ११. | | श्री धुर्व थारु, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १२. | | श्री कविराज आचार्य, वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १३. | | श्री चन्द्रकान्त चापागाई, वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १४. का.वा | | श्री राजु मिश्र, वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १५. | | श्री फणेन्द्र चौधरी, वडाध्यक्ष, वडा नं. ११ | सदस्य |

| | | | |
|---|---|---|---|
| १६. | | श्री उमाशंकर चौधरी, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १७. | | श्री नर बहादुर चौधरी, वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १८. | | श्री रुद्र बहादुर आले, वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | | श्री भिमकाजी गुरुङ्ग, वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | | श्री जानकी न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | | श्री रिता कुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | | श्री प्रेम बहादुर भुजेल, कार्यपालिका सदस्य | सदस्य |
| २६. | | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७. | | श्री बुद्धेराम वि.क., कार्यपालिका सदस्य | सदस्य |
| | | व्यवस्थापन टोलि | |
| २८. | | कृष्णबहादुर थापा क्षेत्री, अधिकृत छैठौ | |
| २९. | | विष्णुलाल पुरी ले.पा. | |
| ३०. | | पुष्पा थापा क.प. | |

प्रस्तावहरु :

१. आ.व २०८२/०८३ मा तराई मधेश समृद्धि कार्यक्रमबाट सञ्चालन गरिने योजना छनौट सम्बन्धमा ।
२. बर्दघाट नगरपालिकाको "उपेक्षित उष्ण प्रदेशीय रोग प्रभावित नागरिकका लागि स्वयम् सहायता समूह गठन, व्यवस्थापन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८२"
३. बजेट बाँडफाँड तथा अनुमोदन सम्बन्धमा ।
४. मृगौला पीडित स्वास्थ्य उपचार व्यवस्थापन कार्यदल गठन सम्बन्धमा ।
५. कक्षा थपको अनुमति सम्बन्धमा ।
६. शिक्षकलाइ ल्यापटप वितरण सम्बन्धमा ।
७. बालमैत्री स्थानीय शासन अवलम्वन वडा घोषणा सम्बन्धमा ।
८. वडागत संकलित तथ्याङ्कहरुको प्रस्तुति, छलफल तथा अनुमोदन सम्बन्धमा ।
९. वडागत रुपमा प्रस्तावित खानेपानी पहुँच नपुगेका समुदायको योजना प्राथमिकिकरण सम्बन्धमा ।
१०. हरियाली प्रवर्द्धन कोषको रकम सम्बन्धमा ।
११. जग्गा वदर सम्बन्धमा ।
१२. आय ठेक्का सम्बन्धमा ।
१३. आगामी आर्थिक वर्ष २०८२/०८३ को कार्यतालिका, मार्गदर्शन र बजेट सिलिङ्ग सम्वन्धमा ।
१४. विविध ।
   क) जग्गा दर्ताको सिफारिस दस्तुर सम्बन्धमा ।
   ख) उपभोक्ता समितिबाट सञ्चालित योजनाको म्याद थप सम्बन्धमा ।
   ग) नगरसभा आह्वान सम्बन्धमा ।
   घ) नदीजन्य पदार्थको विक्रिवितरण सम्बन्धमा ।
   ङ) कार्यक्रम सम्बन्धमा ।
   च) नगरसभाको कार्यतालिका सम्वन्धमा ।

प्रस्तुत प्रस्तावित विषयहरुमा छलफल गरियो ।

निर्णय नं. १

- तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशका, २०८१ पहिलो संशोधन २०८२ अनुसार निर्देशिकामा तोकिएको शर्त र मापदण्डभित्र रही आगामी आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन गरिने योजनाहरुलाई देहायवमोजिम प्राथमिक्ताका आधारमा माग गर्ने ।

| सि.नं | योजनाको नाम र सञ्चालन स्थल | योजना स्थल | अनुमानित लागत रु हजारमा | कै. |
|---|---|---|---|---|
| १. | विद्यालय भवन निर्माण (शिरोमणी प्रा.वि., दुर्गा. आ.वि, जानकी प्रा.वि., आनन्द आ .वि., भानु प्रा.वि., गंगा मा.वि, र नि.र.कु.मा.वि.) | नगरपालिका | ३००००.० | |
| २. | लोकमार्गदेखि उत्तर-दक्षिण जोड्ने शाखाबाटोहरुको स्तरोन्नति | नगरपालिका | ३००००.० | |

| | | | | |
|---|---|---|---|---|
| ३. | खानेपानीको पाइप लाईन विस्तार (चिसापानी खानेपानी, जहदा खानेपानी, दाउन्नेदेवी खानेपानी, पृथ्वीवस्ती र दाउन्नेदेवी खानेपानी, धर्मवस्ती ) | नगरपालिका | ३००००.० | |

निर्णय नं. २

- विधेयक समितिबाट दफावार छलफल भई आएको "उपेक्षित उष्ण प्रदेशीय रोग प्रभावित नागरिकका लागि स्वयम् सहायता समूह गठन, व्यवस्थापन तथा परिचालनसम्बन्धी कार्यविधि, २०८२" स्वीकृत गर्ने ।

निर्णय नं. ३

क) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८१/०८२) विभिन्न वडामा योग शिविर सञ्चालन कार्यक्रम शीर्षकमा (ब.सि.नं.८९) छुट्याइएको बजेट रु ४,००,०००/-(रुपैया चार लाख मात्र) रकमलाई नगर कार्यपालिकाको कार्यालयबाट बाँडफाँड भएको देहाय वमोजिम रकम अनुमोदन गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | योग शिविर सञ्चालन | ४ | १,००,०००.० | योग शिविर | |
| २ | योग शिविर सञ्चालन चिसापानी | २ | १,००,०००.० | योग शिविर | |

ख) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ.व. २०८१/०८२) **नगर प्रमुखका १२ अभियान कार्यक्रम कार्यक्रम** शीर्षकमा (ब.सि.नं ७७) मा छुट्टाईएको बजेट रु २४,००,०००/- (रुपैया चौबीस लाख मात्र) रकमलाई नगर कार्यपालिकाको कार्यालयबाट बाँडफाँड भएको देहाय वमोजिम रकम अनुमोदन गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १ | सरसफाईको लागि सार्वजनिक शौचालय निर्माण | ९ | १,००,०००.० | माग वमोजिम | |
| २ | जेष्ठ नागरिकसँग नगर प्रमुख विश्राम एवम् स्वास्थ्य प्रशिक्षण तथा परीक्षण कार्यक्रम | ४ | १,००,०००.० | माग वमोजिम | |
| ३ | माता तिर्थ औंशिको अवसरमा जलपान कार्यक्रम- २०८२ | १५ | ६०,०००.० | माग वमोजिम | |
| ४ | एक घर एक धारा अभियान कार्यक्रम | १० | २,२०,०००.० | माग वमोजिम | |

ग) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ.व. २०८१/०८२) **विपद् व्यवस्थापन** शीर्षकमा (ब.सि.नं २२२) मा छुट्टाईएको बजेट रु ५०,००,०००/- (रुपैया पचास लाख मात्र) रकमलाई नगर कार्यपालिकाको कार्यालयबाट बाँडफाँड भएको देहाय वमोजिम रकम अनुमोदन गर्ने ।

तपशिल

| सि.नं | राहत उपलव्ध गराउने विवरण/योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १ | सुनटाडीबाट हाटवजार जाने बाटोको भुतहा खोलामा ट्रस ब्रिज निर्माण | ९ | ५,००,०००.० | रकम अपुग भई अधुरो हुन गएको | |
| २ | खोला घोला सफाई | १० | ४,००,०००.० | माग भई आएको | |

घ) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ.व. २०८१/०८२) साना सिंचाइ निर्माण, मर्मत तथा सिंचाई कुलो मर्मत शीर्षकमा (ब.सि.नं ६७५) मा छुट्टाईएको बजेट रु २०,००,०००/- (रुपैया बीस लाख मात्र) रकमलाई नगर कार्यपालिकाको कार्यालयबाट बाँडफाँड भएको देहाय वमोजिम रकम अनुमोदन गर्ने ।

तपशिल

| सि.नं | राहत उपलव्ध गराउने विववरण/योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १ | कमल प्रसाद खनाल | ८ | ७०,०००.० | माग भएकोले | |
| २ | सिचाइ कुलो निर्माण उपभोक्ता समिति | ९ | २,००,०००.० | माग भएकोले | |

ङ) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ.व. २०८१/०८२) हरियाली प्रवर्धन कोषबाट खोला बाँडफाडको ग्याभिन कार्यमा आवश्यक पर्ने बजेट रकम रु ५,००,०००.० (रुपैंया पाच लाख मात्र) विनियोजन गर्ने ।

च) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ.व. २०८१/०८२) लागत साझेदारीको आयोजनाहरु शीर्षकमा (ब.सि.नं १८५) मा छुट्टाईएको बजेट रु ५०,००,०००/- (रुपैया पचास लाख मात्र) रकमलाई नगर कार्यपालिकाको कार्यालयबाट बाँडफाँड भएको देहाय वमोजिम रकम अनुमोदन गर्ने ।

तपशिल

| सि.नं | राहत उपलव्ध गराउने विववरण/योजनाको नाम | वडा नं | बिनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १ | चमरगढीया खोलामा पुल निर्माण तथा मर्मत | १ | २,००,०००.० | माग भएकोले | |
| २ | डिप वोरिङ्गको टंकी निर्माण | ८ | २,००,०००.० | | |
| ३ | ५ नं चोकदेखि महेश भुसालको घरहुदै भूपू भवनमा बाटो स्तरोन्नती | १६ | २,००,०००.० | | |
| ४ | वडा कार्यालयदेखि दक्षिण जाने बाटो स्तरोन्नती | १३ | ४,००,०००.० | | |

निर्णय नं. ४

- बर्दघाट नगरपालिका वडा नं १४ मा अवस्थित श्री सहिद स्मृति सामुदायिक अस्पताल, नवलपरासी (ब.सु.प.) मा प्राप्त भएको हेमोडाइलासिस मेशीन थान-४ सञ्चालन गर्न अस्पतालको आर्थिक अवस्था कमजोर भई अगाडी बढाउन नसक्ने भएकोले बर्दघाट नगरपालिकालाई जिम्मा दिने भनि मिति २०८१/१२/३१ को निर्णय सहित पत्र प्राप्त भएकोले अस्पतालमा सञ्चालनमा रहेको मृगौला सेवा अन्तर्गत डायलाइसिस गराइरहेका विरामीको औषधि उपचार लामो समयसम्म गर्नु पर्ने र खर्चिलो हुनेहुँदा विरामीलाई हुन जाने आर्थिक भार कम गर्दै औषधोचार वापत लाग्ने खर्च संकलन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ को उपदफा (२) वमोजिम आर्थिक र प्राविधिक सहयोग गर्ने उद्धेश्यले देहायको मृगौला पीडित स्वास्थ्य उपचार व्यवस्थापन कार्यदल गठन गर्ने ।

कार्यदलका सदस्यहरुः

१. संयोजकः श्री शम्भुलाल श्रेष्ठ, प्रमुख बर्दघाट नगरपालिका
२. सह संयोजकः श्री सुकबहादुर गुरुङ्ग, बर्दघाट नगरपालिका वडा नं १६
३. सदस्यः श्री यमबहादुर थापा, बर्दघाट नगरपालिका वडा नं २

४. सदस्यः श्री लेखनाथ न्यौपाने, बर्दघाट नगरपालिका वडा नं ७
५. सदस्यः श्री मोहन सापकोटा, बर्दघाट नगरपालिका वडा नं ४
६. सदस्यः श्री प्रकाश रायमाझी, बर्दघाट नगरपालिका वडा नं १
७. सदस्यः श्री भिम खनाल, बर्दघाट नगरपालिका वडा नं ९
८. सदस्यः श्री युवराज चापागाई, बर्दघाट नगरपालिका वडा नं १३
९. सदस्यः श्री शुशिला अधिकारी, बर्दघाट नगरपालिका वडा नं ४
१०. सदस्यः श्री दिपकला चौधरी, बर्दघाट नगरपालिका वडा नं १२
११. सदस्यः श्री मुक्ति तिवारी, बर्दघाट नगरपालिका वडा नं १४
१२. सदस्यः श्री सागर वि.क., बर्दघाट नगरपालिका वडा नं १४
१३. सदस्यः श्री भिम न्यौपाने, बर्दघाट नगरपालिका वडा नं १०
१४. सदस्यः श्री नमुना पौडेल, बर्दघाट नगरपालिका वडा नं ६
१५. सदस्यः श्री नारायण पाण्डेय, बर्दघाट नगरपालिका वडा नं ४

पदेन सदस्य

१६. सदस्यः श्री सन्तबहादुर गाहा, वडा अध्यक्ष वडा नं १४
१७. सदस्यः श्री डिलबहादुर थापा, अध्यक्ष सहिद स्मृति सामुदायिक अस्पताल

- उपदफा (२) वमोजिम गठन भएको कार्यदलको कार्यक्षेत्र श्री सहिद स्मृति सामुदायिक अस्पतालमा डायलाइसिस सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्ने, अस्पतालमा आवश्यक्ता अनुसार थप सेवा विस्तार गर्ने, सो को लागि स्रोत सङ्कलन गर्ने र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि तयार गर्ने ।

निर्णय नं. ५

- नगर शिक्षा समितिको मिति २०८२/०१/०८ को निर्णयबाट सिफारिस भइ आएको बर्दघाट नगरपालिका वडा नं. १३ स्थित मदरसा अरबिया मदारुल ओलुमलाई शैक्षिक सत्र २०८२ देखि कक्षा ५ सञ्चालनका लागि अनुमति प्रदान गर्ने।

निर्णय नं. ६

- चालु आ.व. २०८१/८२ मा वार्षिक नगर विकास योजनामा शिक्षा तर्फको स्वीकृत कार्यक्रम प्राविधिमैत्री कक्षा सञ्चालन गर्न शिक्षक/विद्यालयलाई ल्यापटप अनुदान कार्यक्रम विनियोजन भएको बजेट रु. २६,००,०००/- बाट माध्यमिक( यस अघि प्राप्त नगरेका शिक्षक), निम्नमाध्यमिक तथा प्राथमिक तहमा कार्यरत स्थायी/राहत/संघीय शिक्षण सिकाइ अनुदान र नगर अनुदानमा कार्यरत न्युनतम १ वर्षभन्दा बढि सेवाअवधि भएका शिक्षकहरूलाई प्रविधि मैत्री कक्षा सञ्चालन गर्न प्रोत्साहित गर्ने उद्देश्यले शिक्षकले प्राप्त अनुदानबाट अनिवार्य ल्यापटप खरिद गरी प्रयोगको सुनिश्चित हुने गरी नगर शिक्षा समितिले निर्धारण गरेको प्राथमिकताका आधारमा विद्यालय मार्फत प्रति शिक्षक रु २०,०००/- का दरले अनुदान रकम उपलब्ध गराउने ।

निर्णय नं. ७

- बालमैत्री स्थानीय शासनका विभिन्न रणनीति र कार्यनीति अवलम्वन गरी सवै सूचकहरु पुरा भएकोले बर्दघाट नगरपालिका वडा नं ८ लाई बालमैत्री वडा घोषणा गर्ने र अन्य वडाहरु क्रमशः १, ६, ७ र १४ लाई घोषणा गर्ने गरी कार्य अगाडी बढाउने ।

निर्णय नं. ८

- बर्दघाट नगरपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता योजना अन्तर्गत वडागत रुपमा संकलन गरीएका योजनाहरुको प्राप्त तथ्याङ्क विवरणलाइ प्राथमिकीकरण गरी तयार भई पेश हुन आएको प्रतिवेदन अनुमोदन गर्ने ।

निर्णय नं. ९

- बर्दघाट नगरपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता योजना अन्तर्गत वडागत रुपमा प्रस्तावित खानेपानी पहुँच नपुगेका समुदायकोलागि पहिलो, दोस्रो र तेस्रो वर्ष कार्यान्यिन गर्ने योजनाहरुको सारांश तथा मापदण्डमा आधारित योजना प्राथमिकीकरण गर्दै पालिकास्तरिय प्राथमिकीकरण गर्ने ।

निर्णय नं. १०

- चालु आ.व. २०८१/८२ मा वार्षिक नगर विकास योजनामा पूर्वाधार विकास क्षेत्रतर्फ सञ्चालनका क्रममा लागत अनुमान अनुसार छुट्ट्याइएको २ प्रतिशत रकम हरियाली प्रवर्धन कोषमा एकमुष्ट जम्मा गरी हरियाली प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने।
- चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ.व. २०८१/०८२) **नगरपालिका कार्यालयभित्रको न्यायिक कक्षभित्र पार्टेशन कार्य** गर्न आवश्यक पर्ने बजेट रकम रु ७६,५१३.० (रुपैंया छयहत्तर हजार पाच सय तेऱ्ह मात्र) विनियोजन गर्ने ।

निर्णय नं. ११

- राष्ट्रिय भूमि आयोग जिल्ला समिति, नवलपरासी (ब.सु.प) को च नं २५ मिति २०७९/०९/२६ मा प्रकाशित सूचनामा यस नगरपालिकाको साविक जहदा गा.वि.स. वडा नं ७/ग कि नं २०८, २०९, २१० २११, २१२, २१३, २१४, २१५, २१६, २१७, २१८, २१९, २२०, २२१, २२२, २२३, २२४, २२५, २२६, २२७, २२८, २२९, २३० र २३१ साविक जग्गा अन्यत्र व्यक्तिको नाममा दर्ता गर्न भनि १० दिने प्रकाशित सार्वजनिक सूचनाका सम्बन्धमा यस कार्यालयबाट च नं १७६४ मिति २०७९/०९/१४ मा सूचनाको म्याद भित्र उक्त जग्गा कहि कसैको नाममा दर्ता नगरी यस कार्यालयको नाममा यथावत राख्न भनि पत्राचार समेत गरिएको सन्दर्भमा उल्लिखित जग्गा यस कार्यालयको नाममा फिल्डबुक/प्लटरजिष्टर समेत कायम भइसकेका जग्गा भएकोले अन्यत्र कहि कसैको नाममा दोहोरो दर्ता गर्न नमिल्ने जग्गा भएकोहुँदा उप्रान्त अन्य कोही कसैको नाममा दर्ता गर्न भनि यस अघि अवैध रुपमा संचालन गरिएका सवै प्रकृयाहरु वदर गरी यस कार्यालयको नाममा यथावत राख्न भूमि समस्या समाधान आयोग, जिल्ला समिति, नवलपरासी (ब.सु.प.) मा अनुरोध गर्ने ।
- बर्दघाट नगरपालिका साविक जहदा गा.वि.स. हाल वडा नं १३ र साविक माकर गा.वि.स. हाल वडा नं ६ अन्तर्गतका सार्वजनिक सेन्टरप्लट भनि उल्लेख भएका विभिन्न जग्गाहरु जोतभोग नभएका व्यक्तिहरुले

विगतमा चोरी दर्ता गर्ने गरेकोले त्यस्ता जग्गाहरूको वडाबाट विवरण संकलन गरी जग्गा बदरको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

निर्णय नं. १२

- राजश्व परामर्श समितिको बैठकबाट भएको सिफारसिको आधारमा वहाल विरौटी करको आगामी आको .व. लागि ठेक्का लगाउने सन्दर्भमा गत वर्ष ठेक्का लगाउदा भएको ठेक्का सम्झौताको अंकलाई न्युनतम दर रेट कायम राखी देहायका हाट बजार तथा बर्दघाट बसपार्कको ठेक्का प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

| क्र सं | हाटबजार तथा आय ठेक्काको नाम | न्युनतम कबोल अंक भ्याट सहित |
|---|---|---|
| १ | मंगलबार पाडा बजार तथा लोडिंग समेत, बर्दघाट, १३ | ८२,२१,३७८.० |
| २ | कवाडी कर उत्पादन तथा निकाशी | २१,४७,०००.० |
| ३ | आइतवारे सासाहिक हाटबजार, बर्दघाट-९ शौचालय समेत | १२,४०,७४०.० |
| ४ | शुक्रवारे सासाहिक हाटवजार, बर्दघाट-४ शौचालय समेत | ९,९५,५३०.० |
| ५ | भटौलिया हाटबजार शनिबार, बुधबार बर्दघाट- १२, (शौचालय समेत) | ८,७८,६६०.० |
| ६ | सोमवारे हाटवजार, बर्दघाट-१ | ४,७६,८३०.० |
| ७ | आइतवारे हाटवजार, बर्दघाट-१४ | २,५१,००६.० |
| ८ | शनिवारे हाटवजार, बर्दघाट-१४ | ५,०५,५५५.० |
| ९ | बुधवारे हाटवजार, बर्दघाट-२ शौचालय समेत | ११,९८,९३०.० |
| १० | बसपार्क पार्किङ शुल्क, बर्दघाट-४ शौचालय समेत | १६,१६,६६६.० |
| ११ | बुधवार सासाहिक हाटबजार, बर्दघाट-१५ | ९६,६७८.० |
| १२ | विहिवारे सासाहिक हाटवजार, बर्दघाट-४ बाढीपीडित | १,४२,०००.० |

निर्णय नं. १३

- बर्दघाट नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ मा वार्षिक नगर विकास योजना तर्जुमा गर्ने सन्दर्भमा राजश्व परामर्श समितिको सिफारिसमा गरिएको आन्तरिक आयको प्रक्षेपण, संघीय सरकार तथा प्रदेश सरकारबाट विभिन्न शिर्षकमा प्राप्त बजेट सिलिङ्ग, विभिन्न विषयगत समितिको बैठकबाट भएको सिफारिस तथा मिति २०८२/०१/२६ को श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठकको सिफारिस समेतको आधारमा देहायअनुसारको योजना तर्जुमा सम्बन्धी मार्गदर्शन, योजना प्राथमिकिकरणको आधार, वडागत तथा विषयगत बजेट सिलिङ्ग समेत पारित गर्ने निर्णय गरियो ।

| आ. व ०८०/०८१ को यथार्थ, ०८/१/०८२ संसोधित अनुमान र आ.व. २०८२/०८३ को राजश्व अनुमान | | | | | | |
|---|---|---|---|---|---|---|
| क.स. | राजश्व संकेत | राजश्व शीर्षक | ०८०/०८१ को यथार्थ | ०८१/०८२ वैशाख २६ सम्म सम्मको आम्दानी | ०८१/०८२ को संसोधित अनुमान | ०८२/०८३ को अनुमान |
| १ | ११३१३ | सम्पती कर | ५१८२१२६।५८ | १७३६५२३ | २०८३८२७६ | ५००००० |
| २ | ११३१४ | भुमीकर/मालपोत | ८६४८६८२।१९ | १४०७४००० | १६८८८८०० | २२०००००० |
| ३ | ११३१७ | बहाल कर | ९८४११९५।१५ | ४४६५२०८ | ५३५८२४९।६ | ११०००००० |
| ४ | ११३१८ | बहाल विटौरी कर | ११४७१४६६।१५ | ७०४३६४५ | ८४५२३७४ | २२८००००० |
| ५ | ११४५१ | सवारी साधन कर (साना सवारी) | २९१९५० | ४६२९५० | ५५५५४० | ५००००० |
| ६ | ११४७९ | अन्य मनोरञ्जन कर | १६१४०० | ० | ० | ४००००० |
| ७ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | १७५० | ६१७९२७ | ७४१५१२१४ | २००००० |
| ८ | ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | ११०० | १३२० | ५००० |
| ९ | ११६९१ | अन्य कर | २९४३८९।५५ | ८२०५२ | ९८४६२१४ | ३००००० |
| १० | १४१५१ | सरकारी सम्पतीको बहालबाट प्राप्त रकम | २०० | २६७३७५ | ३२०८५० | ० |
| ११ | १४२१२ | सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम | ० | १२९२४५ | १५५०९४ | १००००० |
| १२ | १४२१३ | अन्य विक्रीबाट प्राप्त रकम | १०००० | ० | ० | ० |
| १३ | १४२१९ | अन्य सेवा शुल्क तथा विक्री | १२७२३१ | १५००० | १८००० | १००००० |
| १४ | १४२२१ | न्यायिक दस्तुर | ३३१०० | १९८०० | २३७६० | ३५००० |
| १५ | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ० | ४४००० | ५२८०० | ५०००० |
| १६ | १४२२४ | परिक्षा शुल्क | ० | १९००० | २२८०० | ३०००० |
| १७ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ५८१३८०।२५ | ९६७०२० | ११६०४२४ | ६००००० |
| १८ | १४२४२ | नक्सापास दस्तुर | १५८३९९६।१६ | ६७२८८२१ | ८०७४५८५।२ | ८०००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९ | १४२४३ | सिफारिस दस्तुर | १६१८८०८४।१३ | ११९८४२२० | १४३८१०६४ | १५०००००० |
| २० | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १०५३५२६ | २६५३२०० | ३१८३८४० | ५००००० |
| २१ | १४२४५ | नाता प्रमाणित दस्तुर | ० | ३५५८१० | ४२६९७२ | ४२०००० |
| २२ | १४२४९ | अन्य दस्तुर | १८१३५६५।९६ | २२१४२२५ | २६५७०७० | २३००००० |
| २३ | १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ५८९२८५ | ३८०४४ | ४५६५२।८ | १००००० |
| २४ | १४३११ | न्यायिक दण्ड जरिवाना र जफत | ० | १४०० | १६८० | ४००० |
| २५ | १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | १०४५०५० | १०३७५०० | १२४५००० | १०००००० |
| २६ | १४५२९ | अन्य राजश्व | ३३७३६३।०४ | ७२५०४० | ८७००४८ | २००००० |
| २७ | १४६११ | व्यवसाय कर | ३७११३७५ | ३३२२१२५ | ३९८६५५० | ८८५६००० |
| २८ | १५१११ | बेरुजु | २५८८०३३ | ३४६५७५ | ४१५८९० | ५००००० |
| जम्मा | क | जम्मा | ७९८११११४।६ | ५९३५१८०५ | ७१२२२१६६ | १०००००००० |
| | २ | राजश्व बाँडफाँड | | | | |
| | २.१ | मूल्य अभिवृद्दि कर | ७८५६३५६६ | ६९२०९५४४ | १०००००००० | १११२००८४८ |
| | २.२ | अन्त शुल्क | ३६००९८९७ | ३०२६८६८१ | ३५०००००० | ३७०६६९५० |
| | २.३ | प्राकेतिक श्रातको रोयल्टी बन | ४३६५६८१ | २७६३६३५ | ४०००००० | ४५००००० |
| | २.४ | विज्ञापन कर | ४१२००० | | ० | ५००००० |
| | २.५ | नदिजन्य पदार्थ | २८३७६७ | ६४६५४ | ५००००० | १०००००० |
| | २.६ | घर जग्गा रजिष्ट्रेशन | ४१५०३२८० | ३२६८१६७६ | ४५०००००० | ५००००००० |
| | २.७ | सवारी साधन कर | १२९६२०४१ | १०३७२००८ | १३०००००० | १४४२७००० |
| | ख | जम्मा | १७४१००२३२ | | १९७५००००० | |
| | | अन्य आय लागत सहभागिता | २३३६९७७ | ३४७९५५४ | ३५००००० | ३५००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ३ | गत वर्षको मौज्जात | ९५३९६००० | | ५५३००००० | ५००००००० |
| | ग | **जम्मा** | १०५०४८८७९ | | ५८८००००० | २७१६९४७९८ |
| | | अन्तर सरकारी वित्तिय हस्तान्तरण | | | | |
| | ४ | नेपाल सरकार बाट प्राप्त हुने अनुदान | | | | |
| | ४.१ | वित्तिय समानीकरण अनदुान | १५४९३८००० | १२०६२२७६० | १४७७००००० | १६७८००००० |
| | ४.२ | शशर्त अनुदान | ३२४६५९४०० | २२०४४२७२० | ३२५८१४००० | ३३०००००० |
| | ४.३ | समपुरक अनुदान | ८०००००० | ८१००००० | १३५००००० | १३५००००० |
| | ४.४ | विशेष अनुदान | २१५००००० | | ० | १०००००००० |
| | घ | **जम्मा** | ५०९०९७४०० | | ४८७०१४००० | ५२१३००००० |
| | ५. | प्रदेश सरकार बाट प्राप्त हुने | | | | |
| | ५.१ | वित्तिय समानीकरण अनदुान | ९४४१००० | ६०१०००० | ९०१५००० | ११७३८००० |
| | ५.२ | शशर्त अनुदान | २३१६२५०० | ३४६५००० | १०५००००० | १०५००००० |
| | ५.३ | समपुरक अनुदान | १३०५०००० | ३४६५००० | १०५००००० | १०५००००० |
| | ५.४ | विशेष अनुदान | १०००००० | ४९५००० | १५००००० | १५००००० |
| | ङ | | ४६६५३५०० | | ३१५१५००० | ३४२३८००० |
| | | | ९१४७१११२६ | ५९३५१८०५ | ८४६०५११६६ | ९२७७३२७९८ |

# सञ्चित कोषबाट विनियोजित रकम

| क्र.स. | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | जम्मा |
|---|---|---|---|---|
| १ | **नगरकार्यपालिका** | | | |
| १.१ | सञ्चालन खर्च( न.पा.र वडा समेत) | १५०००००००।० | १०००००००।० | १६०००००००।० |
| १.२ | म्याद थप भएका योजनाको भूक्तानी | | ०।० | ०।० |
| १.३ | समपुरक /लागत साझेदारी | ०।० | ६५००००००।० | ६५००००००।० |
| १.४ | कन्टीन्जेन्सी खर्च | | २००००००।० | २००००००।० |
| १.५ | केन्द्र विषेश | ०।० | १०००००००।० | १०००००००।० |
| १.६ | केन्द्र समपुरक | ०।० | १३५०००००।० | १३५०००००।० |
| १.७ | प्रदेश समपुरक | ०।० | १०५०००००।० | १०५०००००।० |
| १.८ | प्रदेश विषेश | | १५०००००।० | १५०००००।० |
| १.९ | प्रदेश ससर्त | ०।० | १०५०००००।० | १०५०००००।० |
| १.१० | मर्मत सम्भार कोष | ०।० | १०००००००।० | १०००००००।० |
| १.११ | विपद व्यवस्थापन कोष | ०।० | ४००००००।० | ४००००००।० |
| १.१२ | फोहर संकलन केन्द्र निमाण | | १०००००००।० | १०००००००।० |
| १.१३ | नमुना वडा विकास कार्यक्रम | ०।० | १०००००००।० | १०००००००।० |
| १.१४ | नगर गौरवका आयोजना | ०।० | ६२७२९९८।० | ६२७३२९९८।० |
| | **क जम्मा** | १५०००००००।० | २१९२३२९९८।० | ३६९२३२९९८।० |
| २ | **वडा समिति (ख जम्मा)** | २०००००००।० | ८०००००००।० | १०००००००००।० |
| ३ | **विषयगत शाखा** | | | ०।० |
| ३.१ | **विषयगत शाखा ससर्त** | ३१०००००००।० | २०००००००।० | ३३०००००००।० |
| ३.२ | **विषयगत शाखा निशर्त** | १२८००००००।० | ०।० | १२८००००००।० |
| ३.२.१ | स्वास्थ्य शाखा तलव समसेत र चिसापानी अस्पताल | ३५००००००।० | | ३५००००००।० |
| ३.२.२ | शिक्षा यूवा तथा खेलकुद शाखा तथा बर्दघाट प्रज्ञा प्रतिष्ठन तलब समेत | ४२५०००००।० | | |
| ३.२.३ | कृषि शाखा (सिचाइ समेत) | २०००००००।० | | |
| ३.२.४ | पशुपंक्षी शाखा | १०००००००।० | | |

| | | | | |
|---|---|---|---|---|
| ३.२.५ | भूमि शाखा | ५००००००।० | | |
| ३.२.६ | न्यायीक शाखा उपभोक्ता हित समेत | ५००००००।० | | |
| ३.२.७ | सहकारी तथा पन्जीकरण शाखा | २००००००।० | | |
| ३.२.८ | वालमैत्री कार्यक्रम | ३५०००००।० | | |
| ३.२.९ | महिला बालबालिका शाखा | ५००००००।० | | |
| ५ | **कूल जम्मा** | ६०८००००००।० | ३१९२३२९९८।० | ९२७७३२९९८।० |
| | सामाजिक सुरक्षा | ३३००००००।० | ०।० | ३३००००००।० |

## विषयगत शाखा तथा वडास्तरीय बजेट तर्जुमा मार्गदर्शन आ.व. २०८२/०८३

सीमित स्रोत र साधनलाई अधिकतम उपयोग गरी स्थानीय सरकारको आर्थिक सामाजिक विकास गर्ने महत्वपूर्ण दस्तावेजको रुपमा बजेटलाई लिइन्छ । नागरिकहरुको अपेक्षाहरुको तुलनामा हाम्रो स्रोत र साधन सीमित रहेको छ । यो सीमित स्रोत र साधनलाई नागरिकको अधिकतम हित प्रवर्धन गर्ने गरी विनियोजन गर्नु पर्दछ । बजेटको विवेकशील विनियोजन नै आजको आवश्यकता हो । अर्थतन्त्रमा आएको संकुचन सँगै संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान राजस्व बाँडफाँड र समपूरक अनुदान समेत संकुचन भएको छ । यस अवस्थालाई ध्यानमा राखेर हामीले बजेटलाई अधिकतम विवेकशील भएर विनियोजन गर्नु पर्ने भएको छ ।

**योजना प्राथमिकिकरणका आधारहरु**

- चालु आ.व.का अधुरा आयोजनाहरु
- बर्दघाट नगरपालिकाको ५ वर्षे आवधिक योजना र मध्यकालिन संरचनमा उल्लेखित योजनाहरु
- श्रममुलक प्रविधिमा आधारित, उत्पादनमूलक र स्थानीय स्तरमा रोजगारी र आम्दानी अभिवृद्धि गर्न सहयोग पुर्याउने योजनाहरु
- स्थानीय श्रोत, साधन, सीपको अधिकतम प्रयोगबाट छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरु
- स्थानीय सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने र कम लागत लाग्ने योजनाहरु
- स्थानीय मजदुर, कृषक, महिला, सिमान्तीकृत वर्ग र पिछडिएको क्षेत्रलाई फाइदा पुग्ने योजनाहरु
- दिगो विकास, वातावरणीय संरक्षण तथा संवद्र्धन र विपद् व्यवस्थापनमा सहयोग पुग्ने योजनाहरु

**क) वडागत वजेट बाँडफाँटका सूचकहरु :**

- हामीले वडा कार्यालयहरुको संस्थागत विकास गरी कानूनले दिएका जिम्मेवारी वडा तहबाट सम्पादन गर्ने दृष्टकोणका साथ कामहरु अगाडि बढाई रहेका छौं तदअनुसार देहायका सूचकका आधारमा वडागत बजेटको सिलिङ्ग तय गरिएको छ ।
- जनसंख्या, भूगोल, राजस्व परिचालनको अवस्था, वडाको खर्चको आवश्यकता र औचित्यता, सामाजिक सांस्कृतिक विविधता मानव विकासको अवस्था लगायतका विषयहरु समेटिएका छन्।

ख) वडास्तरीय योजना तर्जुमा सम्बन्धी मार्गदर्शन/वस्ती तहका योजना छनौट गर्दा निम्नानुसार गर्नुपर्दछ ।

- वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने वडा सदस्यहरुलाई विभिन्न बस्ती/टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्ने गरी जिम्मेवारी बाँडफाँड गर्ने,
- प्रत्येक वडाले वडा भित्रका वस्तीहरुमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउने,
- वस्तीतहका योजना छनौट गर्दा सो बस्ती भित्रका सबै बर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग आदि) को प्रतिनिधित्व सुनिश्चित गर्ने व्यवस्था मिलाउने
- टोल/वस्तीमा हुने योजना तर्जुमा प्रकृयामा टोल, वस्ती भित्रका क्रियाशील सामुदायिक संस्थाहरु **(सहकारी, टोल विकास संस्था, आमा समूह, वाल क्लव/सञ्जाल, युवा क्लव,** गैसस, **विभिन्न सरकारी कार्यालयबाट** गठन भएका **समूह)** लाई पनि सहभागी गराउनु पर्नेछ

**योजना तर्जुमा गर्दा देहाय बमोजिमका आयोजनाहरुलाई प्राथमिकता दिने ।**

१. आर्थिक विकास सम्बन्धी : कृषि खाद्यशुरक्षा र सिंचाई पशुसेवा पर्यटन तथा संस्कृति उद्योग व्यापार तथा व्यावसाय भूमि व्यवस्था बैंक वित्तिय तथा सहकारी श्रम रोजगारी तथा गरिबी निवारण :२५ प्रतिशत

- **कृषि खाद्यशुरक्षा र सिंचाई** : कृषक समूह कृषि सहकारी कृषि बिउबिजन नश्ल मलखादलाई टेवा पुऱ्याउने । हाट बजारको पूर्वाधार निर्माण तथा मर्मत सम्भार कार्यकमहरु । कृषक क्षमता विकास तथा खाद्य बीपाय नियन्त्रण कार्यकम प्राङ्गारिक खेती तथा मलको प्रवद्धन । कृषि सहकारीसँगको सहकार्यमा सामुदायिक बिउबिजन प्रशोधन तथा वितरण कार्य गर्ने । तरकारी खेती मत्स्यपालन पुष्प व्यवसाय मौरीपालन तथा च्याउ खेतीमा युवाहरूलाई आकर्षित गर्न युवा लक्षित कार्यकम सञ्चालन गरी व्यवसाय सञ्चालनमा लागत सहभागिताको आधारमा संचालन गरिने कार्यक्रम वडा भित्रका उत्कृष्ट कृषकलाई पुरस्कृत गर्ने कार्यकम । कृषिको प्रर्वद्धन हुने खालको आयमूलक र स्वरोजगारमूलक सिर्जना हुने खालका कार्यकमहरु सीमान्तकृत समुदायको आर्थिक अवस्था सुधारका लागि सहकारीमा आवद्वता र वित्तीय साक्षरता कार्यक्रम । कृषियोग्य जमीन सिंचित हुने कार्यकम इनार टयुबेल भूमिगत सिंचाइका लागत साझेदारीमा आधारित लगायत नयाँ प्रविधिमा आधारित अन्य सिंचाइ कार्यकम नदी उकास क्षेत्रको संरक्षण ।
- **पशुपंक्षी सेवा**: गाई भैंसी बङ्गुर र बाखाको कृत्रिम गर्भाधान कार्यक्रम गरी उन्नत नश्लका पशुहरूको सङ्ख्यामा वृद्धि गर्ने कार्यक्रम । गाई/भैंसी/पाडा/पाडी बाच्छी पालन तथा संरक्षण कार्यक्रममा सहयोग पुऱ्याउने । पशुनश्ल सुधार कार्यक्रमलाई टेवा पुऱ्याउने ।
- **पर्यटन तथा संस्कृति** स्थानीय तथा ग्रामीण पर्यटन प्रवर्धन कार्यक्रम । थारु, मगर, गुरुङ्ग लगायतका संस्कृतिमा आधारित पर्यटन प्रवर्धनका कार्यकमहरु । धार्मिक, पुरातात्विक तथा ऐतिहासिक सम्पदाहरूको संरक्षण र सर्वद्धन गर्ने कार्यक्रम । मौलिक संस्कृतिहरूको जगेर्ना गर्दै सांस्कृतिक पर्यटनको प्रर्वद्धन गर्ने कार्यक्रम । वडास्तरीय भाषा संस्कृति संरक्षण र प्रर्वद्धन,
- **उद्योग व्यापार तथा व्यावसाय** स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमको प्रवर्धन गर्न सिपमुलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुहरुको बजारीकरणको सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने गरी कार्यक्रम तथा बजेटको व्यवस्था गर्ने
  - **भूमि व्यवस्था बैंक वित्तिय तथा सहकारी**
  - **श्रम रोजगारी तथा गरिवी निवारण**

**२. सामाजिक क्षेत्र संग सम्बन्धित ( शिक्षा विज्ञान कला भाषा तथा साहित्य, स्वास्थ्य र पोषण, खानेपानी, सरसरफाई तथा स्वच्छता, महिला बालबालिका र लक्षित बर्ग (समावेशी विकास विकास), युवा तथा खेलकुद**

: २५ प्रतिशत

- **शिक्षा विज्ञान कला भाषा तथा साहित्य** : हाम्रो विद्यालयको सुन्दरता र सरसफाईका लागि हरेक दिन मेरो दुई मिनेट अभियानलाई सहयोग पुर्याउने कार्यक्रम । विद्यालय शिक्षा सुधार अभियानलाई टेवा पुर्याउने कार्यक्रम । प्रारम्भिक बालशिक्षालाई व्यवस्थित रूपमा सञ्चालनका लागि आवश्यक पर्ने शैक्षिक सामग्री, व्यवस्थित कक्षा कोठाको निर्माण । सामुदायिक विद्यालयहरुका पूर्वाधार तथा ईसिडि कक्षा व्यवस्थापन र स्थानीय स्रोत समेत परिचालन गरी विद्यालय तारवार कार्यक्रम । स्थानीय स्रोत सहितको विद्यार्थी भर्ना अभियानलाई टेवा पुर्याउने कार्यक्रम । शिक्षकहरुको क्षमता अभिवृद्धि सम्बन्धि कार्यक्रम । सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर वृद्दि गर्न सुरक्षित भवन, पर्याप्त फर्निचर, पुस्तकालय, शैक्षिक तथा

खेलकुदका सामाग्री, प्रयोगशाला, शुद्ध खानेपानी, छात्र-छात्राको लागी अलग अलग शौचालय, सरसफाई, इन्टरनेट, कम्प्युटर, पुराना भवन मर्मत तथा रंग रोगनमा विनियोजन गर्ने

- **स्वास्थ्य तथा पोषण** : आधारभूत स्वास्थ्य सेवा संचालनमा सहयोग पुर्याउने कार्यक्रम । जनस्वास्थ्य सेवाको प्रवर्धन कार्यक्रम । आधारभूत ल्याब संचालन र व्यवस्थापनमा सहयोग पुग्ने कार्यक्रम । स्वास्थ्य संस्थाहरुको आधारभूत क्षमता अभिवृद्धि र संस्थागत विकास कार्यक्रम । किशोर किशोरीहरुलाई साथी शिक्षा (Peer education), प्रजनन स्वास्थ्य र यौनसम्बन्धी विषयहरूमा चेतना अभिवृद्धि गरी सभ्य र सुरक्षित व्यवहार प्रर्वद्धन गर्ने कार्यक्रम ।
- **खानेपानी, सरसरफाई तथा स्वच्छता** सरसफाई सचेतनाको अभिवृद्धि र फोहोरमैलाको व्यवस्थापन (फोहोरमैला संकलन पुनःउपभोग प्रशोधन र विसर्जनलाई टेवा पुर्याउने खालका (यस्ता कार्यक्रम प्रस्ताव गर्दा गल्ने र नगल्ने फोहोरलाई छुट्टिने कुराको सुनिश्चित हुने पर्ने । नगरपालिकाले अभियानात्मक रुपमा अगाडि सारेका कार्यक्रम नगर सरसफाई र हरियाली प्रर्वद्धन, गल्ने फोहोर नगल्ने फोहोर व्यवस्थापन, टोल विकास संस्थाको क्षमता अभिवृद्धि लगायतका कार्यक्रम प्राथमिकतामा राख्ने ।
- **महिला बालबालिका र लक्षित वर्ग (समावेशी विकास विकास) : बाल मैत्री स्थानीय शासनस कार्यक्रमलाई कम्तिमा ३ लाख बजेट सुनिश्चित गर्ने**, जेष्ठ नागरिक क्लव, भेटघाट स्थलको निर्माण, संरक्षण, व्यवस्थापन, बाल अपांग तथा जेष्ठ नागरिकमैत्री पार्क र सेवाकेन्द्र निर्माणका आयोजनाहरु, महिला, बालबालिका, आदिवासी, जनजाती, दलित तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने र रोजगार सिर्जना गर्ने, क्षमता अभिवृद्धि हुने । बालबिवाह बहुविवाह लैङ्गिक हिँसा छुवाछुत दाइजो बालश्रम मानव वेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गराउने कार्यक्रम । महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण रोकथाम नियन्त्रण र व्यवस्थापन ।
- **युवा तथा खेलकुद** खेलकुद संरचनाको पूर्वाधार निर्माण संचालन र विकास गर्ने खालका योजनाहरुलाई आवश्यकताको आधारमा समेटन सकिने ।

३. **पुर्वाधार विकास( आवास, भवन तथा बस्ती विकास सडक, पुल तथा यातायात, जलस्रोत, विघुत तथा स्वच्छ उर्जा, सूचना तथा सञ्चार प्रविधि) : ४० प्रतिशत**

- **आवास, भवन तथा बस्ती विकास** वडा कार्यालय, स्वास्थ्य संस्था मर्मत सम्भारका कार्यक्रम, एउटै वडामा २ वटा भन्दा वढी सामुदायिक भवनमा लगानी नगर्ने ।
- **सडक, पुल तथा यातायात** वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय, कृषि/पशु सेवा केन्द्र, साप्ताहिक हाटबजार संग जोडिएका सडकलाई स्तरोन्नती गर्न प्राथमिकता दिने, सडक निर्माण गर्दा जग्गा वर्गिकरण प्रतिवेदनमा आवासीय क्षेत्रको रुपमा पहिचान भएका क्षेत्रका सडक तथा नक्सा अनुसारको सडक तथा ६ मी भन्दा वढी चौडाईको सडकमा मात्र बजेट विनियोजन गर्ने, नापी नक्सामा भएका कूलो, राजकूलो खोल्सा खोला पोखरी इत्यादी सार्वजनिक स्थल जनाईएका स्थानबाट बाटो निर्माण गर्न बजेटको व्यवस्था नगर्ने । सडकमा झरेको पहिरो हटाउने, नाला तथा संरचना निर्माण तथा मर्मत, ह्यूम पाइप तथा बक्स कल्भर्ट , खाल्डा खुल्डी पुर्ने तथा साइडवाल तथा नाला निर्माण
- **जलस्रोत, विघुत तथा स्वच्छ उर्जा** वायोग्यास, विघुतीय चुल्हो, सुधारिएको चुल्हो र सौर्य उर्जा प्रवर्द्धन, सडक बत्ती जडान विघुत लाइन विस्तार, **क्षमता स्तरोन्नति, विघुत** उपयोग विस्तार, पहिरो संरक्षण, गल्छी खोला तथा खोल्सा क्षेत्र वरपर वृक्षरोपण, बर्षातको पानीलाई संकलनका लागि १ वटा रिचार्ज पोखरी निर्माण

- **सूचना तथा सञ्चार प्रविधि** सूचना प्रविधिमैत्री सेवा प्रवाह, सफ्टवयर र सूचना व्यवस्थापन प्रणाली तथा उपकरण खरिद र सञ्चालन, विद्यालय र स्वास्थ्य संस्थामा सूचना प्रविधि जडान र सञ्चालन, जिआइएस नक्शाकन सञ्चालन, विद्युतीय हाजिरी प्रणाली, डिजिटल प्रोफाइल तयारी तथा अद्यावधीकरण, डिजिटल वडापत्र, सूचना प्रविधि सम्बन्धी क्षमता विकास कार्यक्रम

४. **वन तथा वातावरण विकास (वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण, वातावरण तथा फोहोरमैला व्यवस्थापन, विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन) : ५ प्रतिशत**

- **वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण** पहिरोग्रस्त तथा संवेदनशील क्षेत्रमा वृक्षरोपण, आकासे पानी संकलन तथा जलपुनर्भरण पोखरी निर्माण, गल्छी, खहरे तथा पहिरो नियन्त्रण, बाँध तथा तटबन्ध निर्माण, वायोइञ्जिनियरिङ तथा विकासका पूर्वाधार संरक्षण, जलउत्पन्न प्रकोप नियन्त्रण ।

- **वातावरण तथा फोहोरमैला** व्यवस्थापनफोहोरमैला व्यवस्थापन सम्बन्धी सचेतना तथा क्षमता विकास, फोहोरमैलाको स्रोतमा वर्गीकरण, पुनप्रयोग कम्पोष्टिङ, फोहोरमैला संकलन विन वितरणप्लाष्टिक झोला निरूत्साहत र वैकल्पिक प्रयोग तथा प्लाष्टिक र शिशाजन्य सामाग्री प्रयोग न्यूनीकरण, जलाउने कार्य निरूत्साहन अभियान, वातावरणमैत्री स्थानीय शासन कार्यक्रम, स्थानीय आयोजनाको वातावरणीय अध्ययन, वातावरण सम्बन्धी सचेतना कार्यक्रम,

- **विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन** अनुकुलनस्थानीय अनुकुलन योजना तर्जुमा र कार्यान्वयन, बस्ती र टोल, संरक्षण शिक्षा तथा सचेतना, पोखरी निर्माण तथा संरक्षण, जोखिम क्षेत्रमा रहेका संरचनालाई संरक्षण गर्न वायोइञ्जिनियरिङ संरचना निर्माण ।

५. **संस्थागत विकास र सुशासन (नीति कानुन, न्याय र प्रशासन, संगठन, मानव संशाधन राजश्व तथा श्रोत परिचालन र योजना र विकास व्यवस्थापनं ) : ५ प्रतिशत**

- **नीति कानुन, न्याय र प्रशासन**नीति कार्यक्रम तथा बजेट सार्वजनीकरण, सुशासन तथा जवाफदेहिता प्रर्वद्धन कार्यक्रम, नीति, कानून, कार्यविधि ,मापदण्ड तर्जुमा प्रकाशन ,स्थानीय विवादको मेलमिलाप तथा निरुपण,न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,सुशासन तथा जवाफदेहिता प्रवर्द्धन
- **संगठन, मानव संशाधन र सेवा प्रवाह** सामाजिक परिक्षण, जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास कार्यक्रम सञ्चालन,प्रहोत्साहन तथा पुरस्कार,नागरिक समाज क्षमता विकास, नगर प्रहरी गठन
- **राजश्व तथा श्रोत परिचालन** अनलाइन राजश्व भुक्तानी प्रणाली, राजश्व सुधारका लागी नागरिक सचेतना कार्यक्रम,
- **योजना र विकास व्यवस्थापन** उत्कृष्ट उपभोक्ता समिति सम्मान तथा प्रोत्सहान कार्यक्रम

अन्त्यमा :

१. विगतका अधुरा योजनालाई सम्पन्न गर्नको लागि प्राथमिकता दिने ।
२. अधिकतम लागत सहभागिता जुट्ने खालका आयोजनाहरुलाई प्राथमिकता दिने ।
३. एक आ.व. मा सम्पन्न हुनें खालका आयोजनाहरुलाई ।
४. कृषिको प्रर्वद्धन हुने खालको, आयमूलक र स्वरोजगारमूलक सिर्जना हुन खालका ।
५. वन वातावरण संरक्षण र सम्वर्धन गर्ने खालेको, न.पा. को आर्थिक र प्राविधिक क्षमताले गर्न सक्ने खालको, आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने योजनाहरुको सुरुमा नै ल.ई. तयार गरी ल.ई. का आधारमा वजेट विनियोजनको व्यवस्था गर्ने ।

६. पूर्वाधारका योजनाहरु छनोट गर्दा ५ लाख भन्दा कम लागतका आयोजना छनोट नगर्ने । ५० लाख बजेट सिलिङ्ग प्राप्त गर्ने वडाले कम्तिमा १० लाखको, १ करोड सम्म बजेट सिलिङ्ग हुने वडाले कम्तिमा १५ लाखको र १ करोड भन्दा माथी बजेट सिलिङ्ग हुने वडाले कम्तिमा २० लाखको वडा गौरवको योजना छनोट गर्ने यस्तो वडा गौरवको योजनालाई नगरले समेत थप बजेट उपलब्ध गराउने। साना मर्मत सम्हार र आकस्मिक कोषको रुपमा प्रत्येक वडाले २ देखी ५ लाख बजेट व्यवस्था गर्ने । बालमैत्री स्थानीय शासन कार्यक्रमको लागि प्रत्येक वडाले कम्तिमा रु ३ लाख अनिवार्य रुपमा विनियोजन गर्नु पर्ने साथै बाल मैत्री घोषणाको लागि नपुग रकम नगरपालिकाबाट उपलब्ध हुने

- राजस्व परिचालन गर्न सहयोग पुर्याउने कार्यक्रमहरु ।
- टोल विकास समितिको लागि आवश्यक बजेट सम्बन्धित वडा कार्यालयले व्यवस्था गर्ने
- शिक्षकको तलव भत्तामा रकम विनियोजन नगर्ने ।
- **खर्च गर्न निषेध गरिएका कार्यक्रम** : चन्दा, पुरस्कार, पत्रपत्रीकामा शुभकामना लगायत काम वेगरका विज्ञापन, क्यालेण्डर छपाई, विभिन्न प्रकारका अवलोकन भ्रमण, वितरणमुखी कार्यक्रमहरु ।
- **योजनासँग पठाउनु पर्ने कागजातहरु** : नगरपालिकाले उपलब्ध गराएको ढाँचामा तयार गरी सम्बन्धित वडा अध्यक्षले प्रमाणित गरेको कभरिङ्ग लेटर र वडा समितिको बैठकको निर्णय । टोल विकास समितिहरुको उपस्थिति सहित वृहत भेलाको माईन्यूट ।

निर्णय नं १४ विविध

क) बर्दघाट नगरपालिका अन्तर्गतका जग्गाहरु विगतका आयोग, समिति र कार्यदल (मनशोभा र सत्यनारायण खनाल) बाट काम सम्पन्न हुन बाँकी रहेका तथा जग्गाधनि दर्ता प्रमाणपूर्जा प्राप्त गर्न नसकेका जग्गाधनिहरुलाई पुन भूमि समस्या समाधान आयोग, जिल्ला समिति नवलपरासी (ब.सु.प.) मा जोतभोगको सिफारिस गर्दा साविकमा राजश्व बुझाएको भए हालको सामान्य सिफारिस दस्तुर लिने र नबुझाएको पाइएमा जोतभोगको सिफारिसमा लाग्ने दस्तुर लिइ सम्बन्धित वडा कार्यालयमार्फत सिफारिस गर्ने ।

ख) चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार उपभोक्ता समितिमार्फत सञ्चालन गरिएका आयोजनाहरुको नदी जन्य पदार्थ अभावका कारण समयमा कार्य सम्पन्न हुन नसकेकोले मिति २०८२/०२/३० सम्म म्याद थप गर्ने ।

ग) बर्दघाट नगरपालिकाको १६ औ नगरसभा मिति २०८२/०२/२६ गते विहान ११:०० वजे आह्वान गर्ने ।

घ) विभिन्न समयमा जफत गरी वडा नं ५ को जितपुर प्रावि र ढुङ्गा र वडा नं ५ को कार्यालय परिसरमा रहेको ग्राभेल विक्रिवितरण गर्ने सम्बन्धमा यस अघि कार्यालयले कायम गरेको न्यूतम् दरको आधारमा सूचना प्रकाशन गर्दा विक्रिवितरण नभएकोले पुनःनगरसभाले तोकेको न्यूनतम् दर रु १७/- (सत्र भ्याट वाहेक) कायम गरी लिलाम प्रकृया अगाडी बढाउने ।

ङ) नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को नगर विकास कार्यक्रममा उल्लेख भएका क्षमता विकास र संस्थागत विकासका कार्यक्रम अन्तर्गत शिक्षा स्वास्थ्य कृषि सिंचाईतर्फका कार्यक्रमहरु आवश्यकता र औचित्यताका आधारमा सञ्चालन गर्ने व्यवस्था मिलाउने । हाल मागका आधारमा वडा नं २, ३, ४, १२, १३ र १५ बाट सिफारिस भई आएका कार्यक्रम सञ्चालन गर्ने ।

च) बर्दघाट नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माण सम्बन्धी नगर कार्यपालिकाको कार्यालयबाट तयार भई आएको कार्यतालिका स्वीकृत गर्ने ।

| आर्थिक वर्ष २०८२।८३ को बजेट तर्जुमा कार्य तालिका | | | |
|---|---|---|---|
| सि.नं | क्रियाकलाप | मिति | मुख्य जिम्मेवारी |
| १ | बजेट तर्जुमा कार्यतालिका निर्माण र गैससहरुबाट बजेट तयारी गरी पेश गर्न पत्राचार गर्ने । | २०८२।१।१८ | योजना शाखा |
| २ | विषयगत समितिको वैठक र आगामी आ. व. को योजना तर्जुमा मार्गदर्शन तयारी लगायतका विषयमा नीतिगत पृष्ठपोषण प्रदान गर्ने । | २०८२।०१।२० देखि २४ | विषयगत समितिका संयोजक र सदस्य सचिव |
| ३ | राजश्व परामर्श समितिको वैठक र प्रतिवेदन तयारी गर्ने । | २०८२।०१।२५ देखि २७ | राजस्व शाखा |
| ४ | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको वैठक र बजेटको सीमा निर्धारण तथा वडागत/शाखागत बजेट सिलिङ्ग (सीमा), मार्गदर्शन निर्माण गर्ने । | २०८२।०१।२६ | आर्थिक प्रशासन र योजना शाखा |
| ५ | कार्यपालिका बैठकबाट सिलिङ्ग र मार्गदर्शन अनुमोदन गरि वडा समिति र विषयगत शाखालाई पठाउने। | २०८२।०१।२७ | प्र.प्र.अ र योजना शाखा |
| ६ | राजनीतिक दल संघ संस्था व्यावसायी, समाजसेवी, बुद्धिजीवी, विज्ञ, सञ्चारकर्मी तथा आमनागरिकहरुबाट बजेट तर्जुमा सम्बन्धमा सुझाव माग गर्ने । | २०८२।०१।३१ | योजना शाखा |
| ७ | वडागत बजेट निर्माण सहजीकरण टोली गठन गरी र वडागत बजेट तर्जुमा सम्पन्न गर्ने र प्राथमिकता निर्धारण गरी पठाउने | २०८२।०२।०१ देखि २।१४ सम्म | वडा समिति |
| ८ | वडा तथा विषयगत शाखाबाट प्राप्त योजना र नगर गौरवका योजनाहरुको प्राथमिकताहरु र नीति तथा कार्यक्रमको मस्यौदा उपर विषयगत समितिमा छलफल गर्ने । | २०८२।०२।११ देखि १८ सम्म | विषयगत समितिका संयोजक र सदस्य सचिव |
| ९ | विषयगत समितिबाट पारित भएका नीति तथा कार्यक्रम र योजनजाहरु बजेट तथा कार्यक्रम तर्जुमा समितिमा छलफल गर्ने । | २०८२।०२।१७ देखि २० सम्म | योजना शाखा |
| १० | कार्यपालिकाको बैठकमा बजेट, योजना नीति तथा कार्यक्रम पेश गर्ने । | २०८२।०२।२१ | प्रमुख प्रशासकीय अधिकृत |
| ११ | नगरसभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने । | २०८२।०२।२६ | नगर प्रमुख |
| १२ | कार्यपालिकाको बैठक र नगरसभाबाट आएका सुझावहरुमाथि छलफल र परिमार्जन गरी नगरसभामा बजेट पेश गर्ने । | २०८२।०३।०६ | उप प्रमुख |